जिल्ला प्रशासन कार्यालय रसुवाबाट अर्धवार्षिक रुपमा प्रकाशित

# प्रशासन बुलेटिन २०७६

ADMINISTRATION BULLETIN 2076

वर्ष १ | २०७५ माघ देखि २०७६ असार मसान्तसम्म | अंक २




**अर्जुन भण्डारी**
प्रमुख जिल्ला अधिकारी

## प्रमुख जिल्ला अधिकारीको भनाई

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ४ (१) बमोजिम जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालयको व्यवस्था गरिएको छ । स्थानीय प्रशासन सञ्चालन गर्नका लागि प्रमुख जिल्ला अधिकारीले नेपाल सरकारको नीति निर्देशन, विभिन्न ऐन नियम, निर्देशिका प्रयोग गरी दैनिक प्रशासनिक, न्यायिक सञ्चालन र सेवा प्रवाह, शान्ति सुरक्षा, अपराध नियन्त्रण र विकास निर्माणका कार्यहरु अनुगमन मूल्याङकन लगायतका कार्यहरू नेपाल सरकारको प्रतिनिधिको रूपमा कार्य सञ्चालन गर्ने व्यवस्था छ ।

जिल्लामा शान्तिसुरक्षा, सु-व्यवस्था तथा अमन चयन कायम गरी आम नागरिकमा सुशासनको अनुभूती दिलाउनु जिल्ला प्रशासन कार्यालयको मुलभूत कार्य हो । त्यस्तै मूलुकको बदलिदो परिस्थिति, विभिन्न तहका सरकारसँग र सरोकारवाला निकायसँग समन्वय गरी विकास निर्माणका विषयमा अनुगमन मूल्यांकन गर्ने र जिल्ला स्तरमा सेवा प्रवाहलाई प्रभावकारी बनाउने सन्दर्भमा जिल्ला प्रशासन कार्यालयको भूमिका र जिम्मेवारी अझ वृद्धि भएको छ । जिल्ला प्रशासन कार्यालयको काम कारवाहीलाई प्रभावकारी बनाउन र प्रमुख जिल्ला अधिकारी, र सहायक प्र.जि.अ. लगायत गृह प्रशासनमा कार्यरत कर्मचारीलाई जिम्मेवार, उत्तरदायी र जवाफदेही बनाउन निजामती सेवा ऐन, २०४९ को दफा १५ (२) र नियमावलीको नियम ३४ (ख) बमोजिम कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था बमोजिम सचिवज्यू र प्रमुख जिल्ला अधिकारी बिच आ.व. २०७६/०७७ को लागि वार्षिक कार्यसम्पादन करार भइसकेको छ भने रसुवा जिल्ला प्रशासन कार्यालयको हकमा प्रमुख जिल्ला अधिकारी र सहायक प्र.जि.अ. बिच र अन्य कर्मचारी बिच कार्यसम्पादन करार भइसकेको छ ।

यी र यस्तै विषय लगायतका व्यवस्था जिल्लाहरूमा कार्यालयबाट प्रवाह गरिने सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित मर्यादित र प्रभावकारी बनाउनु हो । कार्यालयका काम कारवाही बारे आम नागरिकलाई सूसुचित बनाउनु सार्वजनिक निकायको दायित्व र कर्तव्य हो । यसबाट निकायको कार्यसम्पादन के कसरी सञ्चालन भइरहेको छ र कस्ता कार्य प्राथमिकता छन भन्ने विषय सबैलाई जानकारी बोध हुन्छ । वर्तमान सुशासन र सार्वजनिक सेवा प्रवाहका मुल मान्यता, सुचनाको हक कार्यन्वयन र जिल्ला प्रशासन कार्यालय रसुवा र आम नागरीक बिच सूचना, समन्वय, सम्बन्ध स्थापित गर्नका लागि अर्ध वार्षिक प्रशासन बुलेटिन २०७६ अंक २ प्रकाशन गरिएको छ । यस बुलेटिनमा २०७५ माघदेखि २०७६ असारसम्म भए गरेका महत्वपूर्ण गतिविधि समेटिएको छ ।

आ.व. २०७६/०७७ को सन्दर्भमा गृह मन्त्रालयको मूल्यांकनमा समेत रसुवा जिल्ला प्रशासन कार्यालय उत्कृष्ट तीन भित्र पर्न सफल भएको छ । यसको श्रेय सबै सरोकारवाला निकाय, संघ-संस्था, कर्मचारी, बुद्धिजिवी र जिल्ला प्रशासन कार्यालय प्रति सकारात्मक भावना राख्ने सबैलाई जान्छ । जिल्ला प्रशासन कार्यालयको कार्यसम्पादनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न समन्वय सहयोग पुऱ्याउनु हुने कार्यालयका कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि, जिल्लास्थित सार्वजनिक निकायहरु, राजनीतिक दल, सञ्चारकर्मी, संघसंस्था, नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिलाई विशेष धन्यवाद दिँदै आगामी दिनमा अझ थप परिस्कृत सल्लाह सुझाव सहित पृष्ठपोषणका लागी सम्बन्धित सबै पक्षमा हार्दिक अनुरोध गर्दछु ।

**सल्लाहकार**
**अर्जुन भण्डारी**
प्रमुख जिल्ला अधिकारी

**सम्पादक समूह**
**सपना कुमारी भट्टराई**
सहायक प्रमुख जिल्ला अधिकारी
**विष्णु प्रसाद रिमाल**
नायब सुब्बा
**जीवन राज अधिकारी**
लेखापाल

**कम्प्युटर**
**अशोक कुमार चौधरी**
कम्प्युटर अपरेटर






# रसुवा जिल्लाको परिचय

**१. भौगोलिक अवस्थिति :**

- **क्षेत्र :** हिमाली
- **अक्षांश :** २८ डिग्री ० मिनेटदेखि २८ डिग्री १५ मिनेट उत्तरी अक्षांश
- **देशान्तर :** ८५ डिग्री १५ मिनेटदेखि ८५ डिग्री ५० मिनेट पूर्वी देशान्तर
- **सिमाना :**
  पूर्व - सिन्धुपाल्चोक
  पश्चिम - धादिङ
  उत्तर - चीनको स्वशाशित क्षेत्र तिव्वत
  दक्षिण - नुवाकोट
- क्षेत्रफल : २०८५ वर्ग किलो मिटर

**२. राजनैतिक विभाजन :**

- **प्रदेश :** ३ (तीन)
- **स्थानीय तह :** ५ गाउँपालिका
- **निर्वाचन क्षेत्र :** १ प्रतिनिधि सभा, २ प्रदेश सभा
- **जिल्ला सदरमुकाम :** धुन्चेवजार (१९५० मिटर)
- **जनसंख्या :** ४३,३०० (१,१६७ संस्थागत समेत) (पुरूष - ४९.६५ महिला -५०.४५)

**३. धार्मिक / ऐतिहासिक / पदमार्ग / पर्यटकीय क्षेत्र**

- लामटाङ लिरूङ हिमाल (७२२७ मिटर)
- गोसाइकुण्ड/भैरव कुण्ड/सरस्वती कुण्ड/सूर्य कुण्ड (४३८० मिटर)
- पार्वती कुण्ड (२५०४ मिटर)
- उत्तरगया धाम (६१४ मिटर)
- कालिका भगवती
- तातोपानी/टिमुरे (१७६२ मिटर)
- लामटाङ/केन्जिङ उपत्यका
- रसुवागढी (१८१४ मिटर)
- वेत्रावती
- लाङटाङ राष्ट्रिय निकुन्ज
- तामाङ सम्पदा/पदमार्ग
- लामटाङ पदमार्ग
- धुन्चे-गोसाइकुण्ड-हेलम्बु-सुन्दरीजल पदमार्ग

**४. जातजाती**

- तामाङ : ६७.७
- ब्राम्हण : १४.८
- गुरूङ र घले : ४.५

**५. भाषा**

- तामाङ : ६६.६
- नेपाली : २५.६

| सि.न. | गाउँपालिकाको नाम | क्षेत्रफल (वर्ग कि मि) | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|
| क | उत्तरगया गाउँपालिका | १०४.५१ (५%) | ८२५५ (१९.६%) | खाल्टेवगर, लहेपौवा |
| ख | कालिका गाउँपालिका | १९२.५४ (९.२%) | ९४२१ (२२.४%) | कालिकास्थान, धैबुङ |
| ग | नौकुण्ड गाउँपालिका | १२६.९९ (६.१%) | ११८२४ (२८.१%) | पारच्याङ, सरमथली |
| घ | गोसाइकुण्ड गाउँपालिका | ९७८.७७ (४६.९%) | ७१४३ (१७%) | स्याफ्रुवेसी |
| ङ | आमाछोदिङ्मो गाउँपालिका | ६८२.२३ (३२.७%) | ५४९० (१३%) | गोल्जुङ |

## कर्मचारी दरवन्दी :

| क्र.सं. | पद | दरवन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | नायव सुव्वा | ४ | १ | ३ रिक्त |
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर | २ | २ | |
| ६ | खरिदार | ४ | १ | ३ रिक्त |
| ७ | हलुका सवारी चालक | १ | १ | |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | |
| | जम्मा | २० | १४ | |

## जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अर्जुन भण्डारी | प्रमुख जिल्ला अधिकारी | मुसिकोट न.पा.-१, रूकुम पश्चिम | ९८५१२७७७७७ |
| २ | सपना कुमारी भट्टराई | स. प्रमुख जिल्ला अधिकारी | लालबन्दी-५, सर्लाही | ९८५११६४४२२ |
| ३ | विष्णु प्रसाद रिमाल | नायब सुब्बा | विदुर-२, नुवाकोट | ९८४१८१४२१५ |
| ४ | जीवनराज अधिकारी | लेखापाल | फोईमहादेव-२, कालिकोट | ९८४९०२३४०४ |
| ५ | अशोक कुमार चौधरी | कम्प्यूटर अपरेटर | चौदडीगढी न.पा.-५, उदयपुर | ९८५२८५१०३० |
| ६ | विकास भट्टराई | कम्प्यूटर अपरेटर | त्रियुगा न.पा उदयपुर | ९८४४११०८४७ |
| ८ | रामशरण आचार्य | हलुका सवारी चालक | कालिका गा.पा.-३, रसुवा | ९८६९०४७६८२ |
| ९ | चेतनाथ भट्ट | कार्यालय सहयोगी | उत्तरगया, रसुवा | ९८५१२१९८९९ |
| १० | झवराज न्यौपाने | कार्यालय सहयोगी | उत्तरगया-४, रसुवा | ९८४१०८४७१९ |
| ११ | सुरेश पुडासैनी | कार्यालय सहयोगी | वेलकोटगढी, नुवाकोट | ९८४९१६३२७८ |
| १२ | पोष प्रसाद न्यौपाने | कार्यालय सहयोगी | उत्तरगया-४, रसुवा | ९८४३१२६५१३ |
| १३ | जीवन अधिकारी | कार्यालय सहयोगी | त्रियुगा न.पा, उदयपुर | ९८६२९२४५४८ |
| | | राष्ट्रिय परिचय-पत्र | | |
| १४ | सुमन अधिकारी | कम्प्यूटर अपरेटर | हिलिहाङ गा.पा.-५, पाँचथर | ९८६२६३४०४९ |
| १५ | सम्झना बि.क | कम्प्यूटर अपरेटर | कालिका गा.पा.-३, रसुवा | ९८१०३६४५९० |
| | | युवा स्वरोजगार | | |
| १६ | अम्बिका देवकोटा | कार्यालय सहायक | उत्तरगया-५, रसुवा | ९७४१०८६६८० |

# जिल्ला प्रशासन कार्यालय रसुवा : मुख्य कार्य तथा प्रयासहरु

जिल्लामा शान्ति, सुरक्षा, सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजनिक शान्ति विरूद्धका कसुरहरूमा अर्धन्यायिक निकायको रूपमा सुरू कारवाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरूमा समन्वय सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय रसुवाका मुख्य मुख्य कार्यहरू हुन ।

## क. जिल्ला प्रशासन कार्यालय, रसुवाबाट प्रवाह गरिने सेवा/ कार्यहरु

**१. शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धी कार्य :**

- शान्ति सुरक्षा कायम गर्ने,
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदायस्तरसम्म सचेतीकरण गर्ने,
- सुरक्षा निकायहरूको परिचालन गर्ने,
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरूसँग सहकार्य गर्ने,

**२. स्थानीय प्रशासन सम्बन्धी कार्य :**

- संघ संस्था दर्ता, नविकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति तथा नियमन गर्ने,
- हातहतियार इजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण गर्ने,
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नविकरण तथा नियमन गर्ने,
- तिब्बतीयन शरणार्थी परिचय-पत्र नविकरण तथा नियमन गर्ने,
- सार्वजनिक सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने,
- नाम, थर वा उमेर आदि प्रमाणित गर्ने,
- नाबालकको उमेर प्रमाणित गर्ने,
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस गर्ने,
- दलित, आदिवासी, जनजाति सिफारिस/प्रमाणित गर्ने,
- पत्रपत्रिका दर्ता गर्ने,
- छापाखाना दर्ता गर्ने,
- पारिवारिक विवरण प्रमाणित गर्ने,
- नाता प्रमाणित गर्ने ।

**३. राहदानी सम्बन्धी कार्य :**

- राहदानी फाराम संकलन गर्ने,
- द्रुत सेवा (काठमाडौं सिफारिस)
- अभिलेख प्रमाणित गर्ने,
- राहदानी वितरण गर्ने,
- MRP को विवरण संशोधनका लागि सिफारिस ।

**४. नागरिकता सम्बन्धी कार्य :**

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण-पत्र वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण-पत्र वितरण गर्ने,
- नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि वितरण गर्ने,
- नागरिकतामा नाम, थर, जन्म मिति संशोधन गर्ने ।

**५. अर्ध न्यायिक कार्य :**

- सार्वजनिक शान्ति विरूद्धका कसुरहरूको सुरू कारवाही तथा न्यायिक निर्णय गर्ने,
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरुमा सुरू कारवाही तथा न्यायिक निर्णय गर्ने ।

**६. बजार अनुगमन/उपभोक्ता हित सम्बन्धी कार्य :**

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति, पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने,
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने ।

**७. विपद् व्यवस्थापन सम्बन्धी कार्य :**

- जिल्ला विपद व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्नेर गराउने,
- मनसुन आपतकालिन कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्नेर गराउने,
- विपद् क्षती विवरण संकलन तथा विपद् पीडितहरूलाई क्षतिपूर्ति एवं राहत वितरण गर्ने ।

**८. अख्तियार दुरूपयोग अनुसन्धान सम्बन्धी कार्य :**

- नेपाल राजपत्र भाग - ४, संख्या ४३, मिति २०७५/०८/२४ अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसारका अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूको छानविन/विस्तृत अनुसन्धान तथा कारवाही सम्बन्धी कार्य गर्ने ।

**९. विविध कार्य :**

- गुनासो सुनुवाई गर्ने,
- विकास आयोजनाहरू कार्यान्वयनमा समन्वय गर्ने,
- स्थानीय तहसँग समन्वय गर्ने,
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने,
- नेपाल सरकार गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश न ३ लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने ।

## ख. शाखा

जिल्ला प्रशासन कार्यालयबाट कार्य विवरण अनुसारका कार्यहरू सम्पादन गर्नका लागि यस कार्यालयमा निम्नानुसारका शाखाहरूको व्यवस्था गरिएको छ ।

१. स्थानीय प्रशासन, मुद्दा तथा शान्ति सुरक्षा शाखा
२. नागरिकता तथा प्रतिलिपि शाखा
३. राहदानी तथा जिन्सी दर्ता शाखा
४. गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा
५. आर्थिक प्रशासन शाखा

## ग. कार्यसम्पादन अवस्था :

| क्र.सं. | सम्पादन गरेको काम | | आ.व. २०७५/७६ को जम्मा | आ.व. २०७५/७६ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५ साल | | | २०७६ साल | | |
| | | | | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | असार |
| १ | नागरिकता वितरण | बंशज | १४९९ | ९० | ४७ | ११३ | १२१ | २५१ | ७२ |
| | | वैवाहिक अंगिकृत | ३ | - | - | १ | - | - | - |
| २ | नागरिकताको प्रतिलिपि वितरण | | १८८५ | २३४ | १२६ | २२३ | २०२ | १२५ | ९३ |

| क्र.सं. | सम्पादन गरेको काम | आ.व. २०७५/७६ को जम्मा | आ.व. २०७५/७६ | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५ साल | | | २०७६ साल | | |
| | | | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | असार |
| ३ | राहदानी सिफारिस | ५७१ | ३६ | ३३ | ४८ | ६१ | ५७ | ४८ |
| ४ | राहदानी वितरण | ६८४ | ५३ | ५४ | ३६ | ३४ | ४५ | ४८ |
| ५ | गुनासो वा ठाडो उजुरी | ९० | ८ | ३ | ५ | १४ | ६ | ५ |
| ६ | नाम, थर उमेर आदि प्रमाणित | २३ | - | - | १ | - | - | - |
| ७ | नाबालकको उमेर प्रमाणित | ३२ | - | - | - | - | - | - |
| ८ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | २ | - | - | - | - | - | - |
| ९ | संस्था दर्ता | २१ | १ | २ | ३ | २ | ३ | - |
| १० | संस्था नविकरण | ३८ | १ | २ | १ | १ | २ | २ |
| ११ | संस्थाको विधान संशोधन | ३ | - | १ | - | - | १ | - |
| १२ | दलित, आदिवासी/ जनजाती लगायत विविध सिफारिस | ८५ | ८ | २ | ९ | १५ | १९ | ७ |
| १३ | पत्रपत्रिका दर्ता | १ | - | - | - | - | - | - |
| १४ | हातहतियार नामसारी | ० | - | - | - | - | - | ० |
| १५ | हातहतियार जिल्ला भित्रको नविकरण | ३ | - | - | - | - | - | ३ |
| १६ | हातहतियार नेपाल भरिको नविकरण | - | - | - | - | - | - | - |
| १७ | विष्फोटक पदार्थ इजाजतपत्र | २ | - | - | - | - | - | - |
| १८ | विष्फोटक पदार्थ इजाजतपत्र नविकरण | १२ | - | - | १२ | - | - | - |
| १९ | सार्वजनिक अपराध/सार्वजनिक शान्ति विरूद्वका कसुर सम्बन्धी मुद्दा दर्ता | २३ | २ | २ | ३ | - | २ | ६ |
| २० | सार्वजनिक अपराध/ सार्वजनिक शान्ति विरूद्वका कसुर सम्बन्धी मुद्दा फछ्र्यौट | ७ | १ | १ | ७ | १ | १ | २ |
| २१ | एकीकृत घुम्ति सेवा शिविर | २ | - | - | - | - | १ | ० |
| २२ | बजार अनुगमन | २ | | | | | | |
| २३ | विपद् सम्बन्धी राहात वितरण | १८,२१,००० | - | - | - | ८७,००० | २०,००० | १५,००० |
| २४ | स्वास्थ्य सुविधा सहितको सार्वजनिक सेवा वितरण | ४३८ | ३० | ४५ | २५ | ११ | १३ | ४८ |
| २५ | बैठक सञ्चालन | | | | | | | |
| | जिल्ला सुरक्षा समिति | २१ | २ | ३ | ३ | १ | ३ | ४ |
| | कार्यालय प्रमुख | १५ | १ | १ | १ | १ | १ | १ |
| | सूचना अधिकारी | ४ | १ | १ | १ | १ | १ | १ |
| २६ | राजश्व संकलन (पौष मसान्त, २०७५ सम्मको) | | | | | | | |
| | परीक्षा शुल्क | ३०,४०० | - | - | - | - | १६०० | - |
| | राहदानी शुल्क | ३५,९७,५०० | २४०,००० | २,७०,००० | २४२,५०० | ३,४०,००० | ४,०५,००० | ३२५,००० |
| | अन्य प्रशासनिक सेवा शुल्क | २०,००० | - | १५,००० | - | - | - | ५००० |
| | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३,१५,५०० | - | - | - | २,६६,५०० | ४९,००० | - |
| | अन्य राजश्व | १,४६,८५० | १००० | ४५०० | ८२०० | १२,८०० | ७५०० | ११,०५० |
| | बेरूजु | २,९३,१३४.७७ | - | - | - | १,१८,१३४.७७ | - | - |
| २७ | कार्यालयको खर्च विवरण (पौष मसान्त, २०७५ सम्मको) | | | | | | | |
| | पूँजीगत तर्फ | ११,७८,१२०.४० | ५,०७,०२४.५० | ५,९७,७१३.९० | १०,३८,११६.८० | ४,६०,६०४.९० | ६,७०,५९३.७० | १०,८४,३९७.९० |
| | चालु तर्फ | ९३,५५,६२८.८० | - | ३८,७१०.५० | - | - | - | १०,३५,६३९.७० |
| | राहत तथा पुर्न स्थापना कार्यक्रम (चालु) | २,५४,४०० | - | २०,००० | - | - | - | १,८३,४०० |

## ङ. जिल्ला प्रशासन कार्यालयबाट शान्ति सुरक्षा र अपराध नियन्त्रण, सुशासनर सार्वजानिक सेवा प्रवाहका सम्वन्धमा भएका मुख्य र मुख्य प्रयासहरु :

### १. सार्वजनिक सुनुवाई सहितको एकीकृत घुम्ति सेवा शिविर ।

ã यस कार्यालयको नेतृत्वमा उत्तरगया गाउँपालिका वडा न. २, डाँडागाउँमा जिल्ला स्थित अधिकांश सरकारी सेवालाई गाउँमै उपलब्ध गराउने उद्देश्यले सार्वजनिक सेवा सहितको एकीकृत घुम्ति सेवा शिविर सञ्चालन गरिएको थियो । उक्त एकदिने शिविरबाट आठ सय भन्दा बढी नागरिकहरु प्रत्यक्ष सेवा लिएका थिए । शिविरबाट ९६ जनाले नेपाली नागरिकता बनाएका थिए । त्यस्तै गरी एकसय २३ जनाले फोटो सहितको मतदाता नामावली दर्ता, एकसय ७५ जनाले आखाँ परीक्षण, एकसय ५० जनाको स्वास्थ्य परिक्षण, ७ जनाले उद्योग दर्ता, ७५ जनाले आयुर्वेद सेवा, ६५ किसानहरूले कृषि सेवा र ९७ किसालहरूले आफ्नो पशु जाँच गराएका थिए । शिविरमा नेपाली सेना, नेपाल प्रहरी, ट्राफिक प्रहरी, सशस्त्र प्रहरीद्वारा घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी जानकारी, विपद् सम्बन्धी जनचेतना र विष्फोटक पदार्थबाट जोगिन सुरक्षाका उपायहरू बारे सचेतनामूलक जानकारी गराइएको थियो । साथै उक्त कार्यक्रममा डिभिजन वन कार्यालयबाट वन संरक्षण, वन डढेलो रोकथाम तथा वातावरण सम्बन्धी जानकारी मुलक प्रस्तुति समेत भएको थियो ।



### २. सुविधा सम्पन्न व्यवस्थित प्रतिक्षालयको निर्माण ।

ã सेवाग्राहीहरूको सुविधालाई मध्यनजर गरी कार्यालयमा सुविधा सम्पन्न व्यवस्थित प्रतिक्षालय (Waiting Shed) को निर्माण गरिएको छ । उक्त प्रतिक्षालयमा डिजिटल नागरिक वडापत्र, लागु औषध ओसारपसार विरूद्ध लगायत सामाजिक अपराध विषयक जानकारी मुलक क्रियाकलापहरु, जिल्ला स्थित धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको बारेमा तयार गरिएको वृतचित्र प्रसारण गर्ने गरिएको छ । साथै प्रतिक्षालयमा चिसो र तातो खानेपानी र चियाको समेत व्यवस्था गरिएको छ ।



**३. आराम एवं स्तनपान कक्षको व्यवस्था ।**

ã महिला सेवाग्राहीहरूलाई मध्य नजर गरी यस पूर्व तयार भएको कक्षमा पूर्वाधार थप गरी कार्यालयमा व्यवस्थित आराम एवं स्तनपान कक्ष (Breast Feeding Room) को निर्माण गरिएको छ । यो सेवा सुत्केरी महिला, वृद्धवृद्धा तथा अशक्त सेवाग्राहीहरूका लागि अत्यन्तै उपयोगी हुनेछ ।




**४. गुनासो व्यवस्थापनका लागि हेल्लो जिल्ला प्रशासन कार्यालय सुचारू ।**

ã जिल्लामा शान्ति सुरक्षा, सुशासन, सेवा प्रवाह, विकास निर्माणमा ढिलासुस्ती, विपद् लगायतका विषयहरूमा हुने ढिलासुस्ती सम्बन्धी गुनासोहरूलाई समयमा नै सम्बोधन गर्नका लागि हेल्लो जिल्ला प्रशासन कार्यालय सञ्चालन गरिएको छ । यसमा आम नागरिकले हेल्लो जिल्ला प्रशासन कार्यालयको ०१०-५४००१९ मा फोन गरी गुनासो टिपोट गर्न सकिने वा hellodaorasuwa@gmail.com मा समेत गुनासो मेल गर्न सकिने व्यवस्था गरिएको छ ।

**५. राष्ट्रिय परिचय-पत्र वितरण कार्यको तयारी ।**

ã गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको आयोजनामा मिति २०७६/०२/१७ गते यस कार्यालयको सभाहलमा संविधानसभा सदस्य छोवाङ तेन्जिङ तामाङ र प्रदेश सभाका माननीय सदस्य प्रेम बहादुर तामाङज्यूको विशिष्ट आतिथ्यतामा जिल्लाका जिल्ला समन्वय समितका प्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्षहरू, राजनीतिक दलका प्रमुखहरू, जिल्ला स्थित सरकारी तथा अर्धसरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि, जिल्ला स्थित सुरक्षा निकायहरूका प्रमुख, नागरिक समाज, स्थानीय पत्रकारहरू समेतको उपस्थितिमा यस जिल्लामा राष्ट्रिय परिचयपत्र वितरणका चुनौती र समाधानका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय परिचय-पत्र वितरण सम्बन्धी सबै तयारी पुरा भई सकेको हुँदा आगामी



आ.व. २०७६/७७ को पहिलो हप्ताबाट विवरण संकलन कार्य प्रारम्भ हुने भएको छ ।

**६. जिल्ला स्थित कार्यालयका सूचना अधिकारीहरू र पत्रकारहरू बिच अन्तरक्रिया कार्यक्रमको शुरूवात ।**

ã जिल्ला स्थित सबै सरकारी तथा अर्धसरकारी निकायहरूबाट मासिक रूपमा सम्पादन गरिने कार्यहरू प्रत्येक महिनाको ०३ गते धुन्चे स्थित नेपाल पत्रकार महासंघ, जिल्ला शाखाको सभाहलमा सम्बन्धित कार्यालयका सूचना अधिकारीहरूद्वारा संयुक्त पत्रकार सम्मेलन मार्फत जानकारी गर्ने गरिएको छ । यसबाट सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा सहयोग पुगेको छ ।



**७. नि:शुल्क स्वास्थ्य परिक्षण सहितको सार्वजनिक सेवालाई निरन्तरता ।**

ã सेवाग्राहीहरूको उच्च चाप रहेका कार्यालयहरू जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयमा हरेक हप्ताको आइतबार कार्यालयमा आउने सेवाग्राहीहरूलाई स्वास्थ्यकर्मीबाट नि:शुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा औषधी वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यस कार्यालयमा प्रत्येक आईतवार विहान १०:०० बजेदेखि १२:०० बजेसम्म सेवाग्राहीहरूलाई स्वाथ्य चेकजाँच गर्ने गरिएको छ ।



**८. LED Display Board को व्यवस्था ।**

ã कार्यालयको प्रमुख सूचनाहरू, कार्यालयबाट सम्पादन भएको मासिक एवं वार्षिक कार्य प्रगतिहरू, समय तथा तापक्रम जानकारीका लागि कार्यालयमा LED Display Board को व्यवस्था गरी सञ्चालनमा ल्याइएको छ ।

**९. इजलास कक्षको शुरूवात ।**

ã यस कार्यालयमा न्याय सम्पादनका लागि छुट्टै इजलास कक्षको उद्‌घाटन माननीय जिल्ला न्यायधिस पूर्णप्रसाद बास्तोलाज्यूबाट सम्पन्न भएको छ । अब जिल्ला प्रशासन कार्यालय रसुवाबाट प्रत्येक हप्ताको मंगलवारका दिन इजलासबाट पेशीसूचीमा चढेका अनुक्रमाणिका अनुसारका मुद्दाहरू क्रमशः फैसला



गरीनेछ । प्रशासन कार्यालयमा Due Process Law अनुसार न्यायको अभ्यासमा नयाँ आयामको थालनी भएको छ ।

**१०. बजार अनुगमन ।**

ã जिल्ला प्रशासन कार्यालयको संयोजनमा मिति २०७६ असार ९ गते कोष तथा लेखा नियन्त्रक कार्यालय, घरेलु तथा साना उधोग विकास समिति, खाध प्रविधि तथा गुण नियन्त्रण कार्यालय, सम्बन्धित गाउँपालिकाका प्रतिनिधि लगायतको सहभागितामा यस जिल्लाको कालिका र उत्तरगया गाउँपालिका स्थित होटेल, औषधी पसल, ग्याँस डिपो, खाधान्न किराना पसल, निर्माण सामाग्री पसल, मासु पसल, कपडा पसल लगायत ५० वटा व्यवसाय पसलहरूको अनुगमन गरिएको थियो ।



अनुगमनका क्रममा कालिका गाउँपालिकाका विभिन्न पसलहरूबाट बिक्रीका लागि राखिएको अबैध घरेलु मदिरा, म्याद नाघेका खाद्य सामाग्रीहरू नियन्त्रणमा लिई सबैको रोहवरमा नष्ट गरिएको । साथै दर्ता नगरेका, मुल्यसूचि नराख्ने PAN/VAT दर्ता नगरेका व्यवसायीहरूलाई ७ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन सुचित गरिएको छ ।

**११. सार्वजनिक यातायात व्यवस्थापनमा सहजिकरण ।**

ã जिल्ला प्रशासन कार्यालयको संयोजनमा जिल्लामा सञ्चालित सार्वजनिक सवारी साधनका कम्पनी/समिति र विद्यार्थी सँगठनहरू लगायत सरोकारवाला पक्षहरू बिच बैठक बसी आपसी समन्वय समझदारीमा हाल चलन चल्तीमा रहेको काठमाडौं - कालिकास्थानसम्मको भाडादरमा १५% त्यसैगरी



काठमाण्डौं-धुन्चे-टिमुरेसम्मको भाडादरमा ५% घटाउने सहमति भएको छ । त्यस्तै यात्रा गर्ने सबै विद्यार्थी/अपाङ्ग/जेष्ठ नागरीकलाई नेपाल सरकारले तोकेको भाडादरमा छुट हुने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने सहमती भएको छ ।

**१२. साप्ताहिक बजार सरसफाई अभियान कार्यक्रम ।**

ã यस जिल्लाको महत्वपूर्ण व्यापारीक केन्द्र, धार्मिकस्थल, पर्यटकीय स्थलहरूको प्रत्येक हप्ताको शनिवार बिहान ६:३० बजेदेखि ७:३० बजेसम्म जिल्ला प्रशासन कार्यालयको संयोजनमा गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ को नेतृत्वमा सुरक्षा निकाय, जिल्ला स्थित सरकारी तथा अर्धसरकारी कार्यालयका कार्यालय प्रमुख र कर्मचारीहरू, स्थानीय गै.स.स., स्थानीय बासिन्दाहरू र आमा समूहरू समेतको सहभागितामा वृहत सरसफाई कार्यक्रम सञ्चालन गर्ने गरिएको र यसबाट नागरिक सचेतनाको विकास भएको छ ।



**१३. मनसुन आपतकालिन कार्ययोजना, २०७६ प्रकाशन ।**

ã मनसुन आपतकालिन कार्ययोजना, २०७५ लाई समय सापेक्ष विवरणहरू संकलन/संशोधन गरी कार्यान्वयन सहज हुनेगरी मनसुन आपतकालिन कार्ययोजना, २०७६ प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ । मुलतः यस कार्ययोजनामा यस जिल्लामा देखा पर्ने विपद्का सबै क्षेत्रहरू जस्तैः पहिरो पहिरो, हिमपात, आगलागी लगायत) को पूर्वतयारी तथा सोही अनुसार प्रतिकार्य गर्ने गरी क्रियाकलापहरू समावेश गरिएको छ ।




**१४. अन्तर जिल्ला सुरक्षा समन्वय बैठक**

ã जिल्लाको शान्ति सुरक्षा र अपराधिक गतिविधिहरू समन्वयात्मक तवरबाट नियन्त्रण गर्न सूचना आदानप्रदान गर्ने उद्देश्यले मिति २०७६ जेठ १२ गते आइतबारका दिन रसुवा र नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला स्थित सुरक्षा निकायहरूको प्रमुखको सहभागितामा दुवै जिल्लाको शान्ति



सुरक्षा र समसामयिक बिषयमा छलफल र निर्णयसहित "अन्तर जिल्ला सुरक्षा समन्वय बैठक" इलाका प्रहरी कार्यालय कालिकास्थान, रसुवामा सम्पन्न भयो ।

**१५. सीमा क्षेत्रमा First come first Served प्रणाली लागु ।**

ã यस जिल्लाबाट रसुवागढी नाका हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतको केरूङतर्फ जाने मालवाहक ट्रक/कन्टेनरहरूलाई ट्राफिक व्यवस्थापन गर्ने उद्देश्यले हाल First come first Served प्रणाली लागु गरी सीमा क्षेत्रको ट्राफिक आवागमनलाई व्यवस्थित बनाइएको छ ।

**१६. विपद् न्यूनिकरणका लागि बृहत अनुकरण अभ्यास ।**

ã जिल्ला विपद व्यवस्थापन समिति, रसुवाको आयोजनामा जिल्लामै पहिलोपल्ट आगलागि बिपद सम्बन्धी "Simulation Exercise" २०७६ साल जेष्ठ १५ गते प्रदर्शनी भयो । उक्त अनुकरण अभ्यास प्रदर्शन अवलोकनमा जिल्ला समन्वय समिति प्रमुख, गोसाइकुण्ड गाउँपालिकाका अध्यक्ष, जिल्ला स्थित राजनीतिक दलका प्रमुख, सुरक्षा निकाय, धुन्चे स्थित विद्यालयका भाइबैनीहरू र सर्वसाधारण गरी करिब ५०० जनाको बृहत उपस्थिति थियो भने नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल रेडक्रस सम्मिलित संयुक्त "Simulation Exercise Demo Team" ले काल्पनिक गाउँवस्ती चट्याङ्पुरको घटनालाई आधार मानेर बृहत प्रदर्शनी गरेको थियो ।





**१७. विपद् व्यवस्थापनका लागि Fuel Bank र Blood Bank को स्थापना ।**

ã विपद्को समयमा खोज तथा उद्धार कार्य प्रभावकारी बनाउन, आपतकालिन समयमा प्रयोग गर्ने गरी जिल्लामा सञ्चालित जलविद्युत आयोजना, गाउँपालिकाहरू, यातायात व्यवसायीहरू लगायत विभिन्न सरकारी तथा अर्धसरकारी कार्यालयहरूको समन्वय र सहयोगमा जिल्ला समन्वय समितिको प्रत्यक्ष निगरानीमा रहनेगरी र विपद्को समयमा मात्र उपयोग गर्नेगरी जिल्ला विपद् व्यवस्थापन समितिबाट मिति २०७६/०१/१५ गते Fuel Bank को स्थापना गर्ने निर्णय भएको छ । त्यस्तै विपद्को समयमा वा अघिपछि स्वास्थ्य उपचारमा प्रत्यक्ष सहयोग पुग्ने गरी स्वास्थ्य कार्यालय, रसुवा जिल्ला अस्पताल, नेपाल रेडक्रस सोसाईटीको समन्वयमा जिल्लास्तरमा Blood Bank को स्थापना गर्ने निर्णय भएको छ ।

**१८. जिल्लाका मुख्य सडकहरू निवार्ध रूपमा सञ्चालन गर्न गरिएका पहल ।**

ã जिल्लाको बेत्रावती-धुन्चे-स्याफ्रुवेशी-रसुवागढी सडक वर्षातको समयमा धेरै बिग्रिने अवस्थालाई मध्य नजर गरी प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा स्थानीयतहका प्रतिनिधि, सडक डिभिजन कार्यालयका प्रमुख लगायतको टिमबाट ठाँडे, मूलखर्क, राम्चे त्रिशुली लगायतका सडक मर्मत गर्नुपर्ने स्थानको विशेष अनुगमन मिति २०७६/०३/०७ गते भयो । यसै अनुसार यस वर्षको मनसुनपूर्व नै सडक डिभिजन कार्यालयले खाल्डाखुल्डी सडक मर्मत सम्पन्न गरेको थियो । साथै मनसुन अवधि भर सडक अवरूद्ध हटाउन सबै गाउँपालिकाको नेतृत्वमा सडक डिभिजन कार्यालय, जलविद्युत आयोजनाहरू सहभागिता रहेको सडक रूट अनुसारको समूह निर्माण भई अवरूद्ध सडकलाई सुचारू गराउने कार्य भईरहेको छ ।

**१९. एक गाउँपालिका एक हेलिप्याडको निर्माण योजना ।**

ã जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाको मिति २०७६/०१/१५ गतेको निर्णयानुसार सम्बन्धित स्थानीय तहको समन्वय र सहयोगमा यस जिल्लामा रहेका पाँच वटै गाउँपालिका केन्द्रमा सुविधा सम्पन्न हेलिप्याड निर्माण गरिने योजना रहेको छ । यसै क्रममा नौकुण्ड गाउँपालिकाको वडा नं. ४ सरमथलीमा व्यवस्थित हेलिप्याड निर्माण भई सञ्चालन भईसकेको छ भने अन्य गाउँपालिकाहरूमा समेत चाँडै नै निर्माणको क्रममा रहेको छ । यसले आपत, विपद्मा परेको व्यक्ति/परिवारलाई समयमा नै औषधी उपचार गर्न तथा बिरामीहरूलाई



सहज रूपमा उद्धार गर्न सहज हुनेछ । साथै जिल्लाको कम्तीमा दुई स्थानमा सम्बन्धित गाउँपालिकाको सहयोगमा रात्रीकालिन समयमा समेत उडान भर्न सक्ने व्यवस्थित Night Vision Helipad धुन्चे र मैलुङमा निर्माण गरिने निर्णय समेत जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको छ ।

**२०. लागु औषधको सप्ताह व्यापी कार्यक्रम सञ्चालन ।**

ã यस जिल्लामा लागू औषध दुरूपयोग तथा ओसारपसार विरूद्धको अन्तर्राष्ट्रिय दिवस जुन २६, २०१९ लाई भव्य रूपमा मनाउन विभिन्न कार्यक्रम सहितको सहितको कार्ययोजना निर्माण गरी मिति २०७६/०३/०५ गतेदेखि २०७६/०३/११ गतेसम्म सप्ताहव्यापी कार्यक्रम सञ्चालन भयो । उक्त कार्यक्रमको शुभारम्भ सम्पूर्ण सरोकारवाला निकाय, स्थानीयवासी, पत्रकार, विद्यार्थी, नागरिक समाज, विभिन्न गै.स.स., सुरक्षाकर्मीहरू समेतको उपस्थितीमा नेपाली सेनाको ब्याण्डबाजा र लागू औषध दुरूपयोग तथा ओसारपसार विरूद्ध लेखिएका प्लेकार्डहरू सहित धुन्चे बजारमा प्रभातफेरी गरिएको थियो । उक्त अवसरमा लागू औषध विरूद्ध सचेतनात्मक श्रब्य दृष्य प्रदर्शन, रसुवा कारागार र जिल्ला स्थित माध्यमिक विद्यालयहरूमा लागू औषध सम्बन्धी सचेतना कार्यक्रम, गाँजा नष्ट, रेडियो परिसम्वाद कार्यक्रम, सडक नाटक लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए ।



**२१. आ.व. २०७६/७७ को जिल्ला दररेट निर्धारण ।**

ã यस जिल्लामा हुने विकास निर्माणको कार्यलाई समयमा नै शुरू गरी सम्पन्न गर्नुपर्ने विषयलाई मध्यनजर गरी समयमा ठेक्का सम्झौता गरी कार्य अगाडी बढाउन सहजता प्रदान गर्ने उद्देश्यले आ.व. २०७६/७७ का लागि २०७६ असार ३१ गते जिल्ला दररेट निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ ।



**२२. पवित्र धार्मिकस्थल गोसाईकुण्ड मेला व्यवस्थापन ।**

ã यस जिल्लाको पवित्र धार्मिक एवं पर्यटकीय स्थल गोसाईकुण्डमा आर्थिक वर्षको प्रारम्भमा नै जनैपूर्णिमा मेलालाई मध्यनजर गरी गोसाईकुण्ड व्यवस्थापन समिति, रसुवाको समन्वयमा प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीज्यूको अध्यक्षतामा सम्पूर्ण सरोकारवाला निकाय, राजनीतिक दल, जनप्रतिनिधिहरू, नागरिक समाज, पत्रकार, सुरक्षा निकाय लगायत विभिन्न गै.स.स.हरूको उपस्थितीमा बैठक बसी उक्त मेलामा पाल्नुहुने तिर्थालु भक्तजन तथा पर्यटकहरूको व्यवस्थापनलाई दृष्टिगत गरी स्वयंसेवक, यातायात व्यवस्थापन, उद्धार समन्वय र व्यवस्थापन, प्रचार प्रसार, वातावरण संरक्षण र सरसफाई लगायतका विभिन्न उपसमितिहरू गठन गरिएको छ ।



**२३. सीमा सुरक्षा तथा व्यवस्थापन बैठक ।**

ã रसुवा जिल्लाका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू तथा जनवादी गणतन्त्र चीनको केरूङ स्थित Keyrong Frontier Inspection Station का सुरक्षा अधिकारीहरू बिच २०७६ साल बैशाख र २०७६/०३/१८ गते २ पटक Counter Part Meeting सम्पन्न भएको छ । बैठकमा दुई देशका स्थानीय अधिकारीहरू बिच चीन (केरूङ) सम्म सबै नेपालीहरूलाई सहज प्रवेश अनुमति, सीमाजन्य आपराधिक गतिविधि न्यूनिकरण, सून लगायतका अवैध वस्तुहरूको चोरी तस्करी नियन्त्रण, Joint Command Center स्थापना गर्ने लगायतका पारस्पारिक हितका विषयमा छलफल सम्पन्न भएको छ ।





**२४. जिल्लामा थप प्रहरीचौकी/सुरक्षावेश स्थापना ।**

ã जिल्लामा शान्ति सु-व्यवस्था कायम गर्न, भन्सारजन्य अवैध वस्तुहरू तस्करी, चोरी पैठारीमा नियन्त्रण गर्ने उद्देश्यले वेत्रावती-मैलुङ-स्याफ्रुवेशी सडक खण्डको मैलुङमा जिल्ला प्रहरी कार्यालयको मातहतमा रहने गरी अस्थायी प्रहरी बिट स्थापना भएको छ भने गोसाईकुण्ड गाउँपालिकाको नागथलीमा सशस्त्र प्रहरी वल नेपाल, २१ नं. गुल्म हेड क्वाटर (राष्ट्रिय भन्सार गस्ती सुरक्षा) टिमुरे, रसुवाको मातहतमा रहने गरी सीमा सुरक्षा एकाई (Boarder Out Post - BOP) र नौकुण्ड गाउँपालिकाको केन्द्र पारच्याङमा सशस्त्र प्रहरी वल नेपाल, २० नं. गुल्म हेड क्वाटर धुन्चे, रसुवाको मातहतमा रहने गरी अस्थायी सुरक्षावेस स्थापना गर्न आवश्यक पहल भईरहेको छ ।

**२५. रसुवाको स्थानीय प्रशासन र केरूङ सीमा सुरक्षा प्रशासन बिच सम्झौताका लागि प्रोटोकल मस्यौदा तयार ।**

ã रसुवा र चीन सीमामा हुन सक्ने तस्करी नियन्त्रण सीमा स्तम्भ हेरचाह संरक्षण, सीमा क्षेत्रमा हुन सक्ने आतंकवाद क्रियाकलाप नियन्त्रण लगायत सीमा व्यवस्थापन सुरक्षाका सवालमा आईपर्ने समस्याको विषयमा सूचना आदान प्रदान संयुक्त प्रयासद्वारा समस्याको हल गर्ने विषयमा दुवै देशका सुरक्षा अधिकृत (Liaison Officer) को उपस्थिति रहने गरी सीमा क्षेत्रमा Joint Command Center – JCC स्थापना गर्ने विषयमा तयार भएको Protocol draft स्वीकृतिका लागि गृह मन्त्रालयमा पठाइएको छ ।

**२६. नीतिगत सुधार ।**

ã यस कार्यालयबाट सम्पादन हुने कार्यमा थप प्रभावकारीताको लागि नीतिगत र संस्थागत सुधारका विषयमा जोड दिने गरिएको छ । नीतिगत सुधारका विषयमा यस कार्यालयबाट निम्नानुसारको प्रगती भएको छः

◆ **तयार भईसकेका ।**

क. लागू औषध नियन्त्रण जिल्ला स्तरीय कार्ययोजना, २०७५ ।

ख. मनसुन आपतकालिन कार्ययोजना, २०७६ ।

ग. सुरक्षा सम्बन्धी सूचना विश्लेषण वार्षिक कार्ययोजना , २०७६ ।

◆ **संशोधन गर्नुपर्ने ।**

क. एकीकृत रणनीतिक सुरक्षा योजना, २०७५ ।

ख. एकीकृत नागरिक वडापत्र, २०७५ ।

ग. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना , २०७५ ।

◆ **नयाँ मस्यौदा भई रहेका ।**

क. District Administration Reform Yearly Framework ।

ख. कर्मचारीको आचार संहिता ।

ग. संयुक्त बजार अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना ।

घ. विकास निर्माण सम्बन्धी ठेक्कापट्टाको अनुगमन कार्ययोजना ।

ङ. District Level Anti Corruption framework ।

**२७. आगलागी परिवारलाई राहत वितरण ।**

ã यस रसुवा जिल्लाको करिव ३० किलोमिटर टाढा पश्चिमी क्षेत्र नौकुण्ड गाउँपालिका वडा नं ५ थाङदोरमा पाँचवटा घरमा आगलागि भई क्षति भएको विषयमा पिडीत ५ (पाँच) परिवारलाई सोही दिन मिति २०७६/०१/१३ गते जिल्ला प्रशासन कार्यालय र अन्य सरोकारवाला निकायहरू नेपाल रेडक्रश सोसाईटी, शाखा कार्यालय रसुवा, सम्बन्धित गाउँपालिका र वडा कार्यालयबाट संयुक्त रूपमा तत्कालिन राहत वापत प्रति परिवार रू. १० हजार, अन्य खाद्यान्य प्याकेज र अस्थायी बसोवासका लागि टेन्ट राहत उपलब्ध वितरण भएको छ । त्यस्तै गरी यस जिल्लाको आमाछोदिङमो गाउँपालिका वडा नं ४ गोल्जुङमा विद्युत सर्ट भई घरमा आगलागि भई पूर्ण क्षति भएको एक घरपरिवारलाई पनि मिति २०७६/०२/०८ गते स्थलगत रूपमा नै तत्कालिन राहत वापत प्रति परिवार रू. १० हजार, अन्य खाद्यान्य प्याकेज राहत सबै सरोकारवालाको



सहभागितामा वितरण गरिएको छ ।

**२८. बेरूजु फछ्र्यौट ।**

ã यस कार्यालयको आ.व. २०६१/६२ देखि २०७४/७५ सम्मको कूल बेरूजु रकम (स्थानीय शान्ति समिति तर्फ) समेतको ६२ करोड १७ लाख ८७ हजार ४४३ रूपैयाँ मध्ये २०७६ जेष्ठ २९ सम्म ६२ करोड १४ लाख ७७ हजार १९३ रूपैया ३३ पैसा अर्थात ९९.९५% रकम बेरूजु फर्छयौट भई सम्परीक्षण समेत भईसकेको छ ।

**२९. सरकारी सवारी साधन सार्वजनिक विदामा चलाउन कडाई ।**

ã जिल्ला स्थित सरकारी तथा अर्धसरकारी निकायले सवारी साधन सार्वजनिक विदाको दिन चलाउदा कार्यालयको कामकाज सहितको पत्र अनिवार्य जिल्ला प्रशासन कार्यालयमा पेश गरी अनुमति लिएर मात्र चलाउन पाउने व्यवस्था कार्यान्वयन भईरहेको छ । यसबाट सरकारी तथा अर्धसरकारी कार्यालयका सवारी साधन दुरूपयोग हुने अवस्था रोकिएको छ भने अर्को तर्फ सार्वजनिक निकायको कार्यालय सञ्चालन खर्च घटेको छ ।

**३०. सूचना विश्लेषण एकाई ।**

ã जिल्लाको शान्ति सुरक्षा लगायत अपराध सम्बन्धी विशिष्ट सूचना संकलन र विश्लेषण गरी जिल्ला सुरक्षा समितिलाई प्रतिवेदन गर्नका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सूचना विश्लेषण एकाईको गठन भएको छ । उक्त समितिमा सह-सेनानी - कालीजंग गण, प्रहरी निरीक्षक - जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी निरीक्षक - सशस्त्र प्रहरी वल नेपाल, नं. २० गुल्म हे.क्वा. धुन्चे रसुवा र वरिष्ट अनुसन्धान सहायक राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयबाट गरी ५ सदस्य रहेका छन् ।

**३१. स्थानीय तहका न्यायिक समितिसँग अन्तरक्रिया सम्पन्न ।**

ã यस जिल्ला अन्तर्गतका ५ वटै गाउँपालिकाहरू (गोसाईकुण्ड, आमाछोदिङमो, कालिका, नौकुण्ड र उत्तरगया) मा माईती नेपालसँगको सहकार्यमा स्थानीय तहका न्यायिक समिति, मेलमिलापकर्ता, शिक्षक, विद्यार्थी लगायतको उपस्थितीमा जिल्ला प्रशासन कार्यालयबाट विद्यमान कानूनी संरचना र न्याय सम्पादनमा न्यायिक निकायको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम २०७६ जेष्ठ ०८ गतेदेखि ११ गतेसम्म सञ्चालन गरियो । उक्त अन्तरक्रियामा स्थानीय तहबाट सम्पादन हुने न्यायिक कार्यको अवस्था छलफल र जिल्लास्तरमा रहेका न्यायिक निकायहरू बिच न्याय सम्पादनका विषयमा अनुभव आदान प्रदान हुनुका साथै विद्यमान कानूनी व्यवस्था बारे छलफल भएको थियो ।

**३२. सून सहित मानिस पक्राउ ।**

मिति २०७६ बैशाख १० गते ०४ बजेको समयमा गोसाईकुण्ड गाउँपालिका वडा नं. २ घट्टेखोला टिमुरेमा पार्किङमा रोकिराखेको ना.६ ख ९०६८ नम्बरको स्याउ लोड कन्टेनर ट्रकलाई शंका लागि चेकजाँच गर्दा उक्त गाडीको क्याविनको बाँया साईडको सिलिङको बती भित्र लुकाई छिपाईरहेको अवस्थामा ७ (सात) के.जी. सुन सहित मानिस पक्राउ गरिएको थियो ।

**३३. कारागार निरीक्षण ।**

प्रमुख जिल्ला अधिकारी श्री अर्जुन भण्डारीज्यूबाट जिल्ला स्थित कारागार कार्यालयको मिति २०७६/०२/२३ गते र २०७६/०३/२३ गते दुई पटक निरीक्षण सम्पन्न भएको छ । निरीक्षणको क्रममा तत्काल सुधार गर्नुपर्ने देखिएका विषयलाई कार्यान्वयन गर्न लिखित रूपमा कारागार कार्यालयलाई निर्देशन भएको छ ।

**३४. प्रहरी चौकीहरू निरीक्षण ।**

ã प्रमुख जिल्ला अधिकारी श्री अर्जुन भण्डारीज्यूबाट यस अवधिमा जिल्ला प्रहरी कार्यालय लगायत यस जिल्लाका विभिन्न गाउँपालिकामा रहेका ईलाका प्रहरी कार्यालय, कालिकास्थान, सीमा प्रहरी चौकी टिमुरे लगायत प्रहरी चौकीहरू बेत्रावती, पारच्याङ, डाँडागाउँ, स्याफ्रुवेशी, थुमन, चिलिमे र रसुवागढीको निरीक्षण सम्पन्न भएको छ । निरीक्षणको क्रममा चौकीहरूको कार्यसम्पादन बारे ब्रिफिङ लिने, स्थानीय जनतासँगको सम्बन्ध बारे बुझ्ने र थप प्रभावकारी बनाउन निर्देशन समेत भएको छ ।

## च. हालसम्म कार्यरत प्रमुख जिल्ला अधिकारीहरुको विवरण

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | श्री भुवनमान कायस्थ | २०३० पौष | २०३२/०३/०१ | उपलब्ध हुन नसकेको |
| २ | श्री शिवपंसाद शर्मा (का.मु.) | २०३२/०३/०२ | २०३३/०६/०४ | ,, |
| ३ | श्री धनबहादुर बस्नेत | २०३३/०६/०५ | २०३४/०१/०७ | ,, |
| ४ | श्री शिवप्रसाद शर्मा (का.मु.) | २०३४/०१/०८ | २०३६ असार मसान्त | ,, |
| ५ | श्री मधुसुदन प्रसाद गोर्खाली | २०३६ श्रावण | २०३६ चैत्र मसान्त | ,, |
| ६ | श्री रघुवीरमान श्रेष्ठ (का.मु.) | २०३७ बैशाख | २०३८ असार | ,, |
| ७ | श्री डम्बरध्वज खाँड (का.मु.) | २०३८ श्रावण | २०३९/०९/०५ | ,, |
| ८ | श्री पदमबहादुर थापा | २०३९/०९/१६ | २०४१/०१/०४ | ,, |
| ९ | श्री रामेश्वर देवकोटा | २०४१/०१/०५ | २०४५/०१/०९ | ,, |
| १० | श्री बलराम शर्मा | २०४५/०१/२० | २०४७/०५/०७ | ,, |
| ११ | श्री प्रेमबहादुर शाक्य | २०४७/०५/०८ | २०४८/०८/३० | ,, |
| १२ | श्री लक्ष्मी कान्त झा | २०४८/०९/०१ | २०४९/०९/२२ | ,, |
| १३ | श्री देव नारायण यादब | २०४९/०९/२३ | २०५१/०१/०९ | ,, |
| १४ | श्री विष्णुराज कुसुम | २०५१/०१/२० | २०५२/०२/३० | ,, |
| १५ | श्री ध्रुवप्रसाद घिमिरे | २०५२/०३/०८ | २०५२/१०/०२ | ,, |
| १६ | श्री रामेश्वर प्रसाद घिमिरे | २०५२/१०/२४ | २०५३/११/१९ | ,, |
| १७ | श्री नेत्रप्रसाद न्यौपाने | २०५३/११/२० | २०५४/१०/१९ | ,, |
| १८ | श्री खगेन्द्र देव जोशी | २०५४/१०/२० | २०५५/०५/२८ | ,, |
| १९ | श्री भुवनेश्वर जोशी | २०५५/०६/११ | २०५६/०८/१९ | ,, |
| २० | श्री डिकबहादुर गुरूङ | २०५६/०८/२० | २०५७/११/१५ | ,, |
| २१ | श्री मोहन प्रसाद पोखरेल | २०५७/११/१७ | २०५९/०२/०७ | ,, |
| २२ | श्री क्षेत्रबहादुर भण्डारी | २०५९/०२/०८ | २०६२/०२/३१ | ,, |

# २०६२ सालदेखि हालसम्म कार्यरत प्रमुख जिल्ला अधिकारीहरुको फोटो सहितको विवरण


श्री त्रिलोक प्रसाद श्रेष्ठ (का.मु.)
कार्य अवधि :
२०६२/०३/०६ देखि
२०६३/०३/१५ सम्म


श्री हरिप्रसाद मैनाली
कार्य अवधि :
२०६३/०३/२८ देखि
२०६४/०५/०६ सम्म


श्री उद्धव बहादुर थापा
कार्य अवधि :
२०६४/०५/०९ देखि
२०६५/०७/०६ सम्म


श्री रविराज काफ्ले
कार्य अवधि :
२०६५/०७/१७ देखि
२०६६/०५/२५ सम्म


श्री जीवन प्रसाद वली
कार्य अवधि :
२०६६/०६/०४ देखि
२०६६/११/२४ सम्म


श्री शिवप्रसाद नेपाल
कार्य अवधि :
२०६६/१२/०४ देखि
२०६७/०९/१२ सम्म


श्रीकृष्ण श्रेष्ठ
कार्य अवधि :
२०६७/०९/२६ देखि
२०६८/०३/०२ सम्म


श्री कमलकान्त रेग्मी
कार्य अवधि :
२०६८/०३/१३ देखि
२०६९/०६/०२ सम्म


श्री बासुदेव घिमिरे
कार्य अवधि :
२०६९/०६/२४ देखि
२०७१/०१/२७ सम्म


श्री उद्धव प्रसाद भट्टराई
कार्य अवधि :
२०७१/०२/०४ देखि
२०७२/०२/२८ सम्म


श्री शिवराम गेलाल
कार्य अवधि :
२०७२/०२/३२ देखि
२०७२/११/२६ सम्म


श्री कृष्णप्रसाद अधिकारी
कार्य अवधि :
२०७२/११/२७ देखि
२०७३/०८/२८ सम्म


श्री चोमेन्द्र न्यौपाने
कार्य अवधि :
२०७३/०८/२९ देखि
२०७४/०४/३० सम्म


श्री हिरा देवी पौडेल
कार्य अवधि :
२०७४/०४/३२ देखि
२०७४/०८/०६ सम्म


श्री चोमेन्द्र न्यौपाने
कार्य अवधि :
२०७४/०८/०६ देखि
२०७५/०१/१४ सम्म


श्री कृष्ण पौडेल
कार्य अवधि :
२०७५/०१/१६ देखि
२०७५/१२/२७ सम्म


श्री अर्जुन भण्डारी
कार्य अवधि :
२०७५/१२/२९ देखि
हालसम्म

# रसुवा जिल्लाका सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूको विवरण

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुख | सम्पर्क नम्बर | सूचना अधिकारीको नाम | सूचना अधिकारीको सम्पर्क नम्बर | कार्यालयको फोन नं. | कार्यालयको इमेल |
|---|---|---|---|---|---|---|---|
| १ | रसुवा जिल्ला अदालत | मा.पूर्ण प्रसाद वास्तोला | ९८५११७१९१२ | योगेन्द्र पराजुली | ९८४९१६७४४४ | ०१०/५४०१२० | info.dcrasuwa@supremecourt.gov.np |
| | | राजेन्द्र लुईटेल (स्रेस्तेदार) | ९८५१०५७४२९ | | | | |
| २ | जिल्ला प्रशासन कार्यालय | अर्जुन भण्डारी | ९८५१२७७७७७ | सपना कुमारी भट्टराई | ९८५११६४४२२ | ०१०–५४००१९<br>५४०१३१/१३२<br>(Hotline) | rasuwadao@gmail.com |
| ३ | जिल्ला सरकारी वकील कार्यालय | बाबुराम भट्टराई | ९८५१२५४१७७ | दधिराम बराल | ९८४३०२७७३८ | ०१०–५४०१७७ | jisawaka.rasuwa@gmail.com |
| ४ | कोष तथा लेखा नियन्त्रक कार्यालय | दिपक लामिछाने | ९८५११९९३५३ | प्रदिपजंग रायामाझी | ९८५१२०७१५८ | ०१०–५४०१४० | rasuwa.dtco@fcgo.gov.np |
| ५ | रसुवा भन्सार कार्यालय | पुण्य विक्रम खड्का | ९८५१०६९३७४ | भुपेन्द्र कुमार कार्की | ९८५११४५७९७ | ०१०–५४३००७ | rasuwa@costoms.gov.np |
| ६ | लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सुस्मा राना | ९७५१०११८५५ | शिवलाल गैरे | ९८५५०१९५३४ | ०१०–५४०२१९ | lamtangnp2032@gmail.com |
| ७ | प्लान्ट क्वारेन्टाईन कार्यालय | कुलदिप घिमिरे | ९८५१२२९१०९ | राधेश्याम वरै | ९८६०२२२३३६ | ०१०–५४३१०९ | nppotimure@gov.np |
| ८ | जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) | दिवस आचार्य | ९८४३७४१०८५ | सूर्य बहादुर थोक्रा | ९८६३१९५११० | ०१०–५४००७९ | nradccorasuwa100@gmail.com |

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुख | सम्पर्क नम्बर | सूचना अधिकारीको नाम | सूचना अधिकारीको सम्पर्क नम्बर | कार्यालयको फोन नं. | कार्यालयको इमेल |
|---|---|---|---|---|---|---|---|
| ९ | अध्यागमन कार्यालय | विष्णुबहादुर घर्ती | ९८५१२४५८०३ | कृष्णहरि पुडासैनी | ९८५१२०९९११ | ०१०–५४३००३ | rasuwaimmigration2071@gmail.com |
| १० | जिल्ला निर्वाचन कार्यालय | शुशिला श्रेष्ठ | ९८४११९३६७० | राजन प्रसाद वास्तोला | ९८४२९३२५८५ | ०१०–५४०१५४ | deorasuwa@gmail.com |
| ११ | मालपोत कार्यालय | गणेश श्रेष्ठ | ९८५१११४९६० | उद्धव सन्जेल | ९८६३१९५१०६ | ०१०–५४०१३५ | rasuwa@dolma.gov.np |
| १२ | जिल्ला हुलाक कार्यालय | राजेश श्रेष्ठ | ९८५११८२२७७ | राजेश श्रेष्ठ | ९८५११८२२७७ | ०१०–५४०१४५ | postoffice45000@gmail.com |
| १३ | जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) | भरत श्रेष्ठ | ९८४१३१८७१६ | प्रदिप शर्मा | ९८६३१९५१०९ | | dlpiurasuwa@gmail.com |
| १४ | शिक्षा विकास तथा समन्वय इकाई | बालकृष्ण सिम्खडा | ९८५११६३६६७ | बालकृष्ण सिम्खडा | ९८५११६३६६७ | ०१०–५४०१५७ | rasuwadeo@gmail.com |
| १५ | कारागार कार्यालय | विष्णु प्रसाद रिमाल | ९८५१२७६७७७ | जीवनराज अधिकारी | ९८४९०२३४०४ | ०१०–५४०२४९ | rasuwadpo@gmail.com |
| १६ | नापी कार्यालय | ध्रुव पौडेल | ९८४९१४९६८२ | जय बहादुर साकी | ९८४८८५५९१३ | ०१०–५४०१३४ | napi.rasuwa@gmail.com |
| १७ | जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) | कोषनाथ अधिकारी | ९८५५०४६५८४ | सरोज कुमार यादव | ९८५१२१२७९९ | ०१०–५४००६१ | mouddlpiurasuwa@gmail.com |
| १८ | खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय | अतिस घिमिरे | ९८४२३५२२६८ | अतिस घिमिरे | ९८४२३५२२६८ | ०१०–५४३११० | fieqcorasuwa@gmail.com |
| १९ | सडक डिभिजन नुवाकोट (रसुवा सम्पर्क कार्यालय, रसुवा) | निरज शाक्य | ९८५१२४९२८५ | द्रोण प्रसाद फुयाल | ९८५१२५६७४३ | | |
| **प्रदेश सरकार अन्तर्गतका कार्यालयहरू** | | | | | | | |
| २० | डिभिजन वन कार्यालय | शोभा सुवेदी | ९८५११०८८२८ | गुप्त बहादुर वस्नेत | ९८५११८६३७० | ०१०–५४१८८ | rasdfo@dof.gov.np |
| २१ | जिल्ला स्वास्थ्य कार्यालय | शिव प्रसाद बडाल | ९८४१५४६८३१ | शिव प्रसाद बडाल | ९८४१५४६८३१ | ०१०–५४०१८८ | dhorasuwa@gmail.com |
| २२ | जिल्ला अस्पताल रसुवा | डा. नितु कुमारी झा | ९८४४२९६३६९ | डा. दिपक मिश्र | ९८०४२७०५४४ | ०१०–५४०२४५ | rasuwa.district.hospital@gmail.com |
| २३ | जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय | चक्र बिक्रम सिंह | ९८५१२११७७५ | सोमनाथ न्यौपाने | ९७४१२०२७३७ | ०१०–५४००५८ | idsdrasuwa0@gmail.com |
| २४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | रामबाबु साह | ९८४४०७२७५३ | उत्तम विष्ट | ९८४३०५१८६० | ०१०–५४०२१४ | dahcrasuwa@gmail.com |
| २५ | घरेलु तथा साना उद्योग विकास समिति | खगेन्द्र नेपाल | ९८५१०७३००५ | संजय मल्ल | ९८४१४२९८४२ | ०१०–५४०१०४ | csidbrasuwa@gmail.com |
| २६ | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट (जिल्ला सम्पर्क केन्द्र, रसुवा) | गोपिराज चालिसे (केन्द्र प्रमुख नुवाकोट) | ९८४१३२९०११ | वलवीर खड्का | ९८४८१०८१९० | | |
| २७ | कृषि ज्ञान केन्द्र, सम्पर्क कार्यालय रसुवा | सन्तोष पाठक | ९८६०६९२७६१ | दिपा गुरूङ | ९८०८१५५९६७ | | |
| **स्थानीय तह अन्तर्गतका कार्यालयहरू** | | | | | | | |
| २८ | जिल्ला समन्वय समिति | प्रदिप निरौला | ९८५१२५००३६ | थानेश्वर भुषाल | ९८४१२५९५७१ | ०१०–५४०१४२ | ddcrasuwa@gmail.com |
| ३९ | गोसाईकुण्ड गाउँपालिका | देविलाल सापकोटा | ९८५१२३३०७७ | अर्जुन डोटेल | ९८४१५५९२७० | ०१०–५४१०८८ | gosaikundapalika@gmail.com |
| ३० | आमाछोदिङमो गाउँपालिका | बिक्रम लिम्बु | ९८४९०४५३३६ | रमेश गुप्ता | ९८४३६८३३०७ | | aamachhodingmo@gmail.com |
| ३१ | कालिका गाउँपालिका | शर्मिला न्यौपाने | ९८६०११५०९५ | लिलानाथ नेपाल | ९८६००५६३८४ | | kalikagaupalika@gmail.com |
| ३२ | नौकुण्ड गाउँपालिका | लोकहरि थापा | ९८४९०७२६४८ | डबल बहादुर बि.के. | ९८०४६६९७९५ | | naukundagaunpalika@gmail.com |
| ३३ | उत्तरगया गाउँपालिका | बसन्त बहादुर खत्री | ९८५१२५४७९० | उत्सव पौडेल | ९८४९६०७९०३ | | uttargayarm@gmail.com |
| **सुरक्षा निकाय** | | | | | | | |
| ३४ | कालीजंग गण | सविन्द्र नगरकोटी | ९८४३४१७०६५ | प्रेम बहादुर तामाङ | ९८४१३७२३६४ | ०१–५४०१०२ ५४०२७५ | jungkali2061@gmail.com |
| ३५ | जिल्ला प्रहरी कार्यालय | भाग्येन्द्र पुरूष ढकाल | ९८५१२७५५५५ | इश्वरी प्रसाद भण्डारी | ९८५१२५४९६० | ०१– ५४०१९९ ५४०२०० | dporasuwa@nepalpolice.gov.np |
| ३६ | सशस्त्र प्रहरी वल नेपाल, गुल्म हे. क्वा. रसुवा नं. २०, धुन्चे | मेखराज जोशी | ९८५२८३२७२४ | होमनाथ नेपाल | ९८५१२५९२६५ | ०१–५४००३७ | apfrasuwa.coy@gmail.com |
| ३७ | सशस्त्र प्रहरी वल नेपाल, गुल्म हे. क्वा. रसुवा नं. २१, टिमुरे | जीवन के.सी. | ९८५११२८०५३ | नवराज पुडासैनी | ९८५१२५९८९५ | – | apfnepalrisd.timure@gmail.com |
| ३८ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | निरञ्जन घिमिरे | ९८५११८१३५३ | – | – | ०१–५४०२२० | nidrasuwa@gmail.com |
| **नेपाल सरकार अन्तर्गतका परिषद्/प्रतिष्ठान तथा अर्ध सरकारी निकायहरू** | | | | | | | |
| ३८ | रेन्वो ट्राउट अनुसन्धान केन्द्र (मत्सय) | गोपालप्रसाद लम्साल | ९८५६०१६७८९ | सुरज कुमार सिङ | ९८४२५२९२११ | ०१०–५४००२४ | troutfish.rasuwa@gmail.com |
| ४९ | कृषि अनुसन्धान केन्द्र (चरन) | पुर्णभद्र चापागाई | ९८५६०३४९०४ | शंकर राज पन्त | ९८६३१९५११३ | ०१०–५४०१३७ | arspasture@live.com |
| ४० | नेपाल विद्युत प्राधिकरण | कृष्ण हरी दाहाल | ९८५११०६५७६ | विद्या सागर श्रेष्ठ | ९८४३२८९०६३ | ५४००७६/१७६ | dhunchedcs.nea@gmail.com |
| ४१ | नेपाल टेलिकम | भिमराज भुषाल | ९८५१०५७४५५ | निपेन्द्र श्रेष्ठ | ९८५१००३७२८ | ५४०१२२/२२२ | krd.dhunche@ntc.net.com |
| ४२ | नेपाल बैक लि. | संजीप लामा | ९८५११०६५३६ | सम्झना गोसाई | ९८४१११२४६१ | ५४०२७८ | nbldhunche@nbl.com.np |
| ४३ | कृषि विकास बैंक | विदुर कुमार श्रेष्ठ | ९८४१५३६९३७ | दिपक श्रेष्ठ | ९८४१३५०८४९ | ५४०१६६ | dhunche.sbranch@adbl.gov.np |

# विभिन्न गतिविधिहरू




















## जिल्ला प्रशासन कार्यालय रसुवाको सेवाग्राहीहरूलाई सूचना

जिल्ला स्तरमा सुशासन, विकास र सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित जनगुनासो, भ्रष्टाचार, अनियमितता, मानव बेचबिखन, तस्करी, विभिन्न हिंसाजन्य कार्य, सडक अवरोध, दुर्घटना सार्वजनिक जग्गा अतिक्रमण, कालोबजारी लगायत यस कार्यलयको क्षेत्राधिकारसँग सम्बन्धित जनगुनासोहरूको सम्बोधन गर्ने अभिप्रायका साथ २०७६ असार ०३ गतेदेखि सुनुवाई संयन्त्र सञ्चालन गरिएको सबैमा जानकारी गराउँदछौं । उजुरी, गुनासो गर्नेको विवरण माग अनुसार गोप्य राख्नेछौं । उजुरी/गुनासो फाराम यस कार्यालय वेबसाईट (www.daorasuwa.moha.gov.np) मा राखिएको छ ।

१. **गुनासो दर्ता समय** : हप्ताको सबैदिन (२४ सैं घण्टा)

२. **गुनासो टिपाउने माध्यमहरू** :

फोन नं. : ०१०-५४००१९

इमेल : rasuwadao@gmail.com

फेसबुक : www.facebook.com/daorasuwa

ट्वीटर : www.twitter.com/@Rasuwadao

## जिल्ला प्रहरी कार्यालय रसुवा, धुन्चेमा पेश गर्ने जाहेरी दरखास्तको ढाँचा

१. जाहेरी दरखास्त वा सुचना दिने व्यक्तिको नाम थर र ठेगाना (टोल सहित) फोन नम्बर :-

२. कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको हो :-

३. कसुर गर्ने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) :-

४. कसुर गर्ने व्यक्तिको बाबु र आमाको नाम :-

५. कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :-

६. कसुर सम्बन्धी बिबरण :-

(क) कसुर भएको वा भइरहेको वा हुन लागेको स्थान, ठाउँ, मिति र समय,

(ख) कसुरसँग सम्बन्धित घटनाको विवरण,

(ग) कसुरको प्रकृति र कसुरसँग सम्बन्धित अन्य विवरण,

(घ) कसुरसँग सम्बन्धित सबुत प्रमाण,

(ङ) कसुरसँग सम्बन्धित अन्य विवरण ।

**अपराधिक कार्य हुन लागेको वा भएको जानकारी दिन नेपाल प्रहरीको नि:शुल्क फोन नं. १०० मा गर्नुहोला ।**

७. यो दरखास्तको व्यहोरा ठिक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला बुझाउँला

प्रहरीद्वारा अनुसन्धान हुँदा वा अदालतमा मुद्दा चल्दाको बखत उपस्थित हुनु पर्ने र जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

**जाहेरी वा सूचना दिने व्यक्तिको** :

सही :

मिति :

## जिल्ला प्रशासन कार्यालय रसुवाको सेवाग्राहीहरूलाई अनुरोध

- कार्यालयको वारेमा केही सूचना आवश्यक भए सूचना अधिकारीलाई प्रत्यक्ष भेटेर वा सूचना अधिकारीहरूको मोबाइलमा सम्पर्क गर्नुहुन । रसुवा जिल्लामा रहेका सबै सरकारी कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरूको विवरण जिल्ला प्रशासन कार्यालय रसुवाको वेभसाइट www.daorasuwa.moha.gov.np मा राखिएको छ ।
- रसुवा जिल्ला स्थित सार्वजनिक निकायहरूका गतिविधिहरूका बारेमा जानकारी चाहिएमा सम्बन्धित कार्यालयको Website तथा Facebook page हेर्नुहुन ।
- जिल्ला स्थित सरकारी कार्यालयबाट प्रवाह भएका सेवाका बारेमा कुनै गुनासो भए सम्बन्धित कार्यालयको गुनासो सुन्ने अधिकारी तथा कार्यालय प्रमुख समक्ष राख्नुहोला । सम्बन्धित कार्यालयबाट उचित रूपमा गुनासो सुनुवाई नभएमा प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं. ९८५१२७७७७७ तथा हट लाइन ०१०-५४००१९ मा सम्पर्क गरी जानकारी गराउनु होला ।
- सुशासन, शान्ति सुरक्षा, विपद्, सेवा प्रवाह सम्बन्धी गुनासो भएमा हटलाईन ०१०-५४००१९ मा सम्पर्क गरी जानकारी गराउनुहुन । हटलाइन सेवा २४ सै घण्टा सञ्चालनमा हुनेछ । हटलाइनमा टिपोट भएका उजुरी/गुनासोहरूको सम्बोधन भएको जानकारी सम्बन्धित गुनासो कर्तालाई सम्पर्क गरी जानकारी समेत गराइनेछ ।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कार्यमा आवश्यक सहयोग गरिदिनुहुन । कुनै स्थानमा आपराधिक कार्य हुन लागेको वा भएको जानकारी भएमा तुरुन्त नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी प्रमुखको सम्पर्क नं. ९८५१२७५५५५ वा प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं. ९८५१२७७७७७ वा हटलाइन ०१०-५४००१९ मा सम्पर्क गरी जानकारी गराई सचेत नागरिकको भूमिका निर्वाह गरिदिनुहुन ।
- सार्वजनिक निकायबाट हुने सेवा प्रवाहलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी तथा जवाफदेही पूर्वक सञ्चालन गर्नका लागि विभिन्न प्रयासहरू हुँदै आएको छ । सार्वजनिक निकायबाट प्रवाह हुने सेवाको समय र गुणस्तरका सम्बन्धमा निगरानी बढाई सुधार का लागि यस कार्यालयलाई आवश्यक सुझाव दिनुहुन ।

;jf{wsf/ M

gk]fn ;/sf/
uf[x dGqfno
lhNnf k|zf;g sfof{no
wG]r] /;'jf

kmf]g g+M )!)–%$)!#!, %$)!#@, km\ofS; g+M )!)–%$)!##
x6nfO{g M )!)–%$))!(
O{d]n M rasuwaldao@gmail.com
j]a;fO6 M daorasuwa.moha.gov.np
km]; a'S M daorasuwa
l6\j6/ M @Rasuwadoa

मुद्रण : एक्सिस प्रिन्टर्स प्रा. लि., न्यूप्लाजा, काठमाडौं, फोन नं. : ०१-४४३६८६१, ९८५११२३६५४, इमेल : axisprinters.ktm@gmail.com, वेबसाइट : www.axisprinters.com.np